Diploma Programme
Programme du diplôme
Programa del Diploma

# Nepali A: literature – Standard level – Paper 2
# Népalais A : littérature – Niveau moyen – Épreuve 2
# Nepalés A: literatura – Nivel medio – Prueba 2

Thursday 11 May 2017 (morning)
Jeudi 11 mai 2017 (matin)
Jueves 11 de mayo de 2017 (mañana)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

---

### Instructions to candidates

- Do not open this examination paper until instructed to do so.
- Answer one essay question only. You must base your answer on at least two of the part 3 works you have studied and compare and contrast these works in response to the question. Answers which are not based on a discussion of at least two part 3 works will not score high marks.
- You are not permitted to bring copies of the works you have studied into the examination room.
- The maximum mark for this examination paper is **[25 marks]**.

### Instructions destinées aux candidats

- N’ouvrez pas cette épreuve avant d’y être autorisé(e).
- Traitez un seul sujet de composition. En basant votre réponse sur au moins deux des œuvres de la troisième partie que vous avez étudiées, vous devez comparer et opposer ces œuvres dans le cadre du sujet. Les réponses qui ne sont pas basées sur au moins deux des œuvres de la troisième partie n’obtiendront pas une note élevée.
- Vous n’êtes pas autorisé(e) à apporter des exemplaires des œuvres que vous avez étudiées dans la salle d’examen.
- Le nombre maximum de points pour cette épreuve d’examen est de **[25 points]**.

### Instrucciones para los alumnos

- No abra esta prueba hasta que se lo autoricen.
- Conteste una sola pregunta de redacción. Base su respuesta en al menos dos de las obras estudiadas de la parte 3, comparándolas y contrastándolas en relación con la pregunta. Las respuestas que no se basen en al menos dos obras de la parte 3 no recibirán una puntuación alta.
- No está permitido traer copias de las obras estudiadas a la sala de examen.
- La puntuación máxima para esta prueba de examen es **[25 puntos]**.



2217 – 0144

© International Baccalaureate Organization 2017

International Baccalaureate®
Baccalauréat International
Bachillerato Internacional

कुनै **एक** प्रश्नको निबन्धात्मक उत्तर लेख्नुहोस् । त्यस्तो उत्तर तपाईंले अध्ययन गरेका भाग तीनका **कम्तीमा दुईवटा** कृतिहरूमा आधारित हुनुपर्दछ साथै उत्तरमा ती कृतिहरूका **समानता** र **असमानता** देखाउनुपर्दछ । भाग तीनका कम्तीमा दुईवटा कृतिहरूमा आधारित **नभएका** उत्तरले उच्च अङ्क प्राप्त गर्ने **छैन** ।

**कथा**

**1.** कथामा राम्रा र नराम्रा पक्षको चित्रण गर्न केकस्ता विधिको प्रयोग गरिएको हुन्छ ? आफूले पढेका कम्तीमा दुईवटा कथाकारका कथामा आधारित भई ती विधि पत्ता लगाउनुहोस् ।

**2.** कथामा कथा भन्नका निम्ति एकभन्दा बढी समाख्याता कसरी प्रयोग गरिएको हुन्छ ? आफूले पढेका कम्तीमा दुईवटा कथाकारका कथामा आधारित भई चर्चा गर्नुहोस् ।

**3.** कथाकारले कथामा मृत्यु दृश्यलाई कसरी व्यवस्थापन गरेका हुन्छन् ? त्यस्तो दृश्यले कथाको अर्थ पहिल्याउन कसरी सहयोग गर्दछ ? आफूले पढेका कम्तीमा दुईवटा कथाकारका कथामा आधारित भई समानता र भिन्नता देखाउनुहोस् ।

**उपन्यास**

**4.** उपन्यासमा मुख्य पात्रहरूका बिचको सम्बन्धलाई कसरी देखाइएको हुन्छ अनि त्यसको असर कस्तो परेको हुन्छ ? आफूले पढेका कम्तीमा दुईवटा उपन्यासकारका उपन्यासमा आधारित भई पुष्टि गर्नुहोस् ।

**5.** "उपन्यासको आरम्भले पुरै घटना नदेखाई हुने घटनाको सङ्केत मात्र गर्नुपर्दछ ।" यो भनाइ कुन हदसम्म सत्य छ ? आफूले पढेका कम्तीमा दुईवटा उपन्यासकारका उपन्यासमा आधारित भई छलफल गर्नुहोस् ।

**6.** उपन्यासकारले उपन्यासका माध्यमबाट पाठकहरूको आकाङ्क्षालाई कसरी वृद्धि गराउँदै लान्छन् अनि तिनले उपन्यासमा कस्तो असर पारेका हुन्छन् ? आफूले पढेका कम्तीमा दुईवटा उपन्यासकारका उपन्यासमा आधारित भई चर्चा गर्नुहोस् ।

**नाटक**

**7.** समाजका विवाद वा मुद्धाहरू देखाउन नाटकमा पात्रहरूलाई कसरी प्रयोग गरिएको हुन्छ ? आफूले पढेका कम्तीमा दुईवटा नाटकका सन्दर्भ ल्याई चर्चा गर्नुहोस् ।

**8.** नाटकका निम्ति नभइनहुने एउटा पक्ष द्वन्द्व हो । आफूले पढेका कम्तीमा दुईवटा नाटककारका नाटक भित्रका द्वन्द्वलाई तुलना गरी छलफल गर्नुहोस् ।

**9.** नाटककारले सार्वजनिक ठाउँ जस्तै : बगैंचा वा सडक, निजी स्थान जस्तै : कुनै व्यक्तिको बैठक कोठालाई दृश्यका रुपमा चयन गर्न सक्छन् । आफूले पढेका कम्तीमा दुईवटा नाटककारका नाटकमा आधारित भई यस्तो चयन गर्नुको कारण र तिनका असरबारे तुलना गर्नुहोस् ।

**कविता**

**10.** कविले आफ्ना कविताका माध्यमबाट प्रायः गहन भाव प्रकट गरेका हुन्छन् । कविले त्यस्ता भाव कसरी प्रकट गरेका छन् अनि तिनको असर कस्तो रहेको छ ? आफूले पढेका कम्तीमा कुनै दुईवटा कविका कविता तथा काव्यको उदाहरण दिई व्याख्या गर्नुहोस् ।

**11.** अरू कृतिहरूका सन्दर्भ, ऐतिहासिक घटना एवम् मिथकको प्रयोगले कविताको अर्थ वृद्धिका साथै भाव सबल तुल्याउन शक्ति दिन्छन् । आफूले पढेका कम्तीमा कुनै दुईवटा कविका कविता तथा काव्य कृतिमा आधारित भई त्यस्ता पक्षको प्रयोगले कवितालाई कसरी धनी बनाएको हुन्छ ? तुलना गर्नुहोस् ।

**12.** निराशावादी स्वर देखाउन कस्ता काव्यिक शैलीको प्रयोग गरिएको हुन्छ भन्ने प्रश्नमा केन्द्रित हुँदै आफूले पढेका कम्तीमा कुनै दुईवटा कविका कविता तथा काव्य कृतिमा आधारित भई तुलना गर्नुहोस् ।